# लागु औषध नियन्त्रण ब्यूरो

**कोटेश्वर, काठमाण्डौं**

**(प्रशासन शाखा)**

**आ.व. : २०८३/०८४**
**प्रेस विज्ञप्ति नं. : ४८७**

**मितिः २०८३।०४।२८ गते**
**ने.सं. ११४६**

## प्रेस विज्ञप्ति

### त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पार्सलमा आएको थाई गाँजा ३.२ के.जी. वरामद गरी Control Delivery मार्फत भैरहवाबाट भारतीय नागरिक सहित २ जना पक्राउ ।

लागु औषध नियन्त्रण ब्युरोले लागु औषध अपराध रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सम्बन्धित निकायहरु सँग सहकार्य एवं सुचना आदानप्रदान गर्दै आएकोमा थाईल्याण्डबाट काठमाण्डौ हुँदै भैरहवा जाने पार्सल माथी शंका लागी सम्बन्धित कुरियरबाट मिति २०८३।०४।२४ गते यस ब्युरोलाई सुचना प्राप्त भए पश्चात खटिएको प्रहरी टोलिले उक्त पार्सल चेकजाँच गर्दा फेन्सी सामानहरुका २ वटा पार्सलमा लागु औषध थाई गाँजा लुकाई पठाएको पाईएकोले उक्त पार्सलहरुबाट थाई गाँजा ३.२ के.जी वरामद गरी पार्सल बुझिलिने शंकित व्यक्तिलाई पक्राउ गर्न ब्युरोको निगरानीमा Control Delivery मार्फत उक्त पार्सल बुझ्न आएका भारतीय नागरिक सहित २ जनालाई मिति २०८३।०४।२६ गते जिल्ला रुपन्देही सिद्दार्थनगर नगरपालिका वडा नं. ८ बाट पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान कारवाही भईरहेको ।

**निम्न :-**

❖ **पक्राउ प्रतिवादीहरुको विवरण :**

१. जिल्ला रुपन्देही लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. १० ठेगाना भएका वर्ष २३ को मनोहर हरिजन

२. भारत उत्तर प्रदेश राज्य जिल्ला वस्ती परसरामपुर ठेगाना भएका वर्ष १८ को निखिल वर्मा

❖ **बरामद दशी (सामान) को विवरण :**

१. लागु औषध थाईल्याण्डको गाँजा ३.२ के.जी.

२. मोबाईल थान २

**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]